सम्पर्क नं.०२५-५४३०३०

स्थानीय सरकार

# दुहबी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहबी, सुनसरी
कोशी प्रदेश, नेपाल

प.सं.२०८२/०८३ शिक्षा, युवा तथा खेलकुद शाखा
च.नं.-

मितिः२०८२।०८।२९
ने.सं. ११४६

**विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।**

**श्री यो जो जससँग सम्बन्धित छ।**

सुनसरी जिल्ला दुहबी नगरपालिका वडा नं १, श्री जनता मायावती आधारभूत विद्यालय, दुहबीमा रिक्त रहेको प्राथमिक तहको शिक्षक **संख्या (तीन) ओटा** पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी मिति २०८२।०५।२१ गतेको पत्रबाट अनुरोध भई आएकोले यस नगरपालिकाको मिति २०८२।०८।२९ गतेको निर्णयानुसार सम्बन्धित तहका तृतीय श्रेणीमा कार्यरत योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूचि १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईको सहमतिसहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

पुनश्चः

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना jantamayabati@gmial.com मार्फत समेत निवेदन पेश गर्न सकिने छ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएको निवेदनमाथि कुनै कारबाही हुने छैन।
३. सम्पर्क नं ९८४२०६५३८० (प्र.अ)

**बोधार्थ**

- श्री शिक्षा विकास तथा समन्वय इकाई, सुनसरी।
- श्री जनता मायावती आधारभूत विद्यालय, दुहबी नगरपालिका- १, सुनसरी।
- श्री सूचना प्रविधि शाखा, नगरपालिकाको वेबसाइटमा सूचना प्रकाशित गरिदिनु हुन।

सुवर्ण घिमिरे
प्रमुख प्रशासकीय अधिकृत